फलेवास नगरपालिका

# फलेवास नगर कार्यपालिकाको राजपत्र

खण्डः २ | संख्याः १ | मितिः २०७६/१२/२४


**भाग-२**

**फलेवास नगर कार्यपालिका**

## फलेवास नगरपालिकाबाट जारी भएको असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६

कार्यपालिकावाट स्वीकृत मितिः २०७६/१२/२४

कोभिड-१९ को संभावित संक्रमणको कारण उत्पन्न प्रतिकूल अवस्थावाट प्रभावित असङ्गठित क्षेत्रमा कार्यरत श्रमिकवर्ग तथा असहायहरुलाई दैनिक जीवनयापनको लागि स्थानीय तहवाट राहत उपलब्ध गराउने गरी फलेवास नगर कार्यपालिकाबाट भएको निर्णय कार्यान्वयन गर्न यो मापदण्ड तयार गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस मापदण्डको नाम "असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा र असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६" रहेको छ ।

(२) यो मापदण्ड नेपाल सरकारले लकडाउन घोषण गरेको अवधिसम्मको लागि लागू हुनेछ । तर लकडाउनबाट प्रभावितहरुलाई राहत वितरणकै क्रममा लकडाउन खुला भएको खण्डमाा यो मापदण्ड अनुसार शुरु गरिएको राहत वितरणको कार्यलाई टुङ्गोमा पुऱ्याउन बाधा पुगेको मानिने छैन ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा :

(क) “असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग” भन्नाले यस नगर क्षेत्रमा बसोबास गर्ने दैनिक रुपमा कामकाज गरी पटके वा दैंनिक ज्याला आम्दानी गर्ने दफा ३ (२) बमोजिमका श्रमिक, कामदार तथा मजदुर सम्झनु पर्छ ।

(ख) “असहाय” भन्नाले यस नगरक्षेत्रमा बसोबास गर्ने कसैको लालन पालनमा नरही अशक्त तथा आवास विहिन भई मन्दिर, आश्रम, धर्मशाला, गुम्बा, मस्जिद, गुरुद्वारा, चर्च वा वृद्धाश्रममा वस्ने व्यक्ति सम्झनु पर्छ ।

(ग) “राहत” भन्नाले नेपाल सरकार, गण्डकी प्रदेश सरकार र फलेवास नगर कार्यपालिकावाट निर्णय भए बमोजिम नगरपालिकाबाट दफा ३ बमोजिमका श्रमिक वर्ग तथा असहायहरुलाई प्रदान गरिने दफा ५ बमोजिमको सामाग्री सम्झनुपर्छ ।

(घ) “एक इकाई राहत” भन्नाले दफा ५ (१) बमोजिमको राहत सामाग्रीहरुको प्याकेज सम्झनु पर्छ ।

**३. अभिलेख राख्नु पर्ने :** (१) यस मापदण्ड बमोजिमको राहत श्रमिकवर्ग तथा असहायहरुलाई प्रदान गर्न नगरपालिकाका प्रत्येक वडा कार्यलयले अभिलेख तयार गर्नुपर्नेछ । यसरी तयार गरिएको अभिलेखको एक प्रति राहत वितरण कार्य शुरु गर्नु पूर्व नगर कार्यपालिकामा पठाउनु पर्नेछ । नगर कार्यपालिकाले वडा कार्यालयबाट प्राप्त सूचिमा नगर कार्यपालिकामा रहेको पारिवारिक तथ्यांकका आधारमा आवश्यक परिमार्जन गरी वडा कार्यालयलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) यस मामपदण्ड बमोजिम वितरण गरिने राहत देहायका श्रमिक वर्ग र असहायहरुलाई वितरण गरिनेछ ।

(क) पसलबाट ग्राहकको घरसम्म सामान ओसार पसार गर्ने श्रमिक

(ख) निर्माण सामाग्री भरिया तथा सवारी साधन चल्ने वाटोमा आवश्यक वस्तुहरु ओसारपसार गर्ने व्यक्ति

(ग) ट्रक, टिपर, भ्यान वाट सामान लोड अनलोड गर्ने श्रमिक ।

(घ) अन्य व्यक्तिको खेतवारीमा दैनिक ज्याला लिने गरी काम गर्ने कृषि मजदुर

(ङ) आफ्नो नातेदार बाहेकका व्यक्तिको परिवारमा दैनिक ज्यालादारीमा सरसफाई शिशु तथा ज्येष्ठ नागरिक स्याहार जस्ता सेवा गर्ने व्यक्ति

(च) गिटी कुट्ने, वालुवा चाल्ने तथा ईंटा भट्टामा काम गर्ने मजदुर,

(छ) निर्माण कार्यमा दैनिक ज्यालादारीमा काम गर्ने डकर्मी, सिकर्मी, हेल्पर लगायतका मजदुर

(ज) नाङलो पसले, दैनिक रुपमा पत्रिका वितरक, साना फुटपाथ पसले, ठेला गाडा तथा साइकिलमा  सामान विक्री वितरण गरी गुजारा गर्ने तथा अन्य व्यक्तिको पसलमा काम गर्ने मजदुर

(झ) देहायका यातायात मजदुर :

१. अन्य व्यक्तिको मालवाहक सवारी तथा डेलीभरी भ्यान चलाउने सवारी चालक, सहचालक,
२. दैनिक ठेक्का वा ज्यालामा ट्याक्सी तथा टेम्पो चलाउने सवारी चालक,
३. रिक्सा तथा ठेला गाडा चालक,
४. सवारी साधनको मर्मत सम्भार गर्ने ग्यारेजमा काम गर्ने मिस्त्री तथा मजदुर ।

(ञ) अन्य व्यक्तिको गार्मेन्ट, कार्पेट, टेलरिङ, गलैचा, बुट्टा तथा जर्ती भर्ने  र कपडा पसलमा दैनिक ज्यालादारीमा काम गर्ने मजदुर ।

(ट) नगरपालिका भित्र दैनिक ज्यालादारीका काम गर्ने अन्य व्यक्ति ।

तर, माथि जुनसुकै कुरा लेखिएको भएतापनि देहायका व्यक्ति वा परिवारले नगरपालिकाबाट वितरण गरिने राहत पाउने छैन ।

क) सगोलका परिवारको कुनै सदस्य बैदेशिक रोजगारीमा रहेको ।

ख) सगोलका परिवारको कुनै सदस्यले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा मित्रराष्ट्रको सरकारबाट कुनै किसिमको नियमित पारिश्रमिक, निवृत्तिभरण वा सुविधा पाईरहेको भएमा । तर यस्तो सुविधा मासिक रु. ३००० भन्दा कम भएमा र परिवार संख्या २ जना भन्दा बढी भएमा यस्तो राहत सुविधा दिन बाधा पर्ने छैन ।

ग) लकडाउनको कारणबाट निजको पहिले गरीरहेको ज्याला मजदुरीको काममा अवरोध नआएको ।

**४. राहत वितरण गर्नु पर्ने** : दफा ३ बमोजिमको लगतमा समावेश भएको श्रमिक वर्ग तथा असहायहरुलाई सम्बन्धित वडाले अनुसूची २ बमोजिकको ढाँचामा विवरण राखि दफा ५ बमोजिमको राहत तत्काल वितरण गर्नुपर्नेछ ।

**५. राहत सामाग्री :** (१) खाद्य आवश्यकताको आधारमा श्रमिक वर्ग तथा असहयाहरुलाई प्रति परिवारका लागि देहायका सामाग्री राहत स्वरुप वितरण गरिने छ ।

(क) चामल २५ किलोग्राम

(ख) दाल २ किलोग्राम

(ग) नुन २ पाकेट

(घ) खाने तेल १ लिटर

(ङ) चिउरा ३ किलोग्राम

(च) चना २ किलोग्राम

(ङ) साबुन २ वटा (१ थान लुगा धुने १ थान नुहाउने)

(२) यस मापदण्ड बमोजिम राहत वितरण कार्य एक परिवारलाई एक इकाई मानी सम्बन्धित वडाले अभिलेख कायम गर्नु पर्नेछ । यस मापदण्ड बमोजिम राहत वितरण गर्दा देहायको परिवार संख्याको आधारमा वितरण गरिनेछ ।

क) २ जनाको परिवार संख्याको लागि चामल १२.५ किलोग्राम, दाल १ किलो, नुन १ प्याकेट, खाने तेल १ लिटर, चिउरा १ किलोग्राम, चना १ किलोग्राम र साबुन २ थान ।

ख) ३ देखि ४ जना सम्म परिवार संख्या भएमा माथि उपखण्ड १ बमोजिमको एक इकाई राहत ।

ग) ५ जना वा सो भन्दा बढी परिवार संख्या भएमा एक इकाई राहत सामाग्री मा थप १२.५ किलोग्राम चामल उपलब्ध गराईने छ ।

(३) नगर क्षेत्रमा संचालित आयोजनामा बाहिरबाट आएका कामदारहरुलाई सम्बन्धित ठेकेदारले खाद्यान्न व्यवस्थापन गर्न लकडाउनको कारणबाट असहज भएको अवस्थामा राहत वितरण गर्दा समेत उल्लेखित खण्ड २ मा उल्लेखित आधारमा परिवार संख्या कायम गरिनेछ।

(४) यस मापदण्डमा अनयत्र जुनसुकै कुरा लेखिएको भएतापनि श्रमिक वर्ग तथा असहाय तथा तिनसँग सँगै रहेका परिवारका कुनै सदस्यले यस अवधिमा कुनै बैकल्पिक आय आर्जन गरेको अवस्थामा निजलाई यस मापदण्ड बमोजिमको राहत सामाग्री वितरण गरिने छैन ।

(५) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि एकै परिवारको एकभन्दा वढी सदस्यलाई राहत सामाग्री वितरण गरिने छैन ।

**६. वितरण गर्ने विधि :** (१) देहायको विधि अवलम्बन गरी दफा ५ बमोजिमको राहत सामाग्री वितरण गर्नु पर्नेछ ।

(क) राहत वितरणको लागि सम्बन्धित वडा कार्यालयले सामाग्री खरिद गरी वितरण गर्ने । यसरी खरिद गर्दा नगरपालिकाबाट प्रकाशित सूचनामा दर रेट पेश गरी सबै भन्दा न्युन दररेटमा सम्बन्धित वडामा नगरपालिकाबाट राहत सामाग्री विकी गर्नको लागि स्वीकृति पाएका पसल, फर्म वा वितरकबाट खरिद गर्नु पर्नेछ । यदि वडाका कुनै कुनै दर्तावाला पसलले नगर कार्यपालिकाबाट स्वीकृति पाएको पसल, फर्म वा वितरकले भन्दा न्युन दर रेटमा र सोही गुणस्तरमा राहत सामाग्री उपलब्ध गराउन चाहेमा वडाले त्यस्तो पसल, फर्म वा वितरकबाट सामाग्री खरिद गर्न सक्नेछ ।

(ख) सम्बन्धित वडा समितिले हुन सक्ने सम्भाव्य भिड तथा अन्य व्यवस्थापकीय समस्याका कारणले वडा समितिवाट वितरण गर्न नसक्ने अवस्था भएमा देहाय बमोजिम गर्ने :

१. नगरपालिकाले आफ्नो क्षेत्र भित्र दफा ५ बमोजिमको सामाग्री उपलब्ध गराउन सक्ने स्थानीय आपूर्तिकर्तावाट मूल्य सूची लिई सोको आधारमा सामाग्रीको गुणस्तर तथा मूल्य यकिन गर्ने र उपलब्ध भए सम्मका आपूर्तिकर्ता छनौट गर्ने ।
२. दफा ३ बमोजिमको लगतमा परेका श्रमिकवर्ग तथा असहाय हरुलाई वडा अध्यक्षले कुपन उपलब्ध गराई उपखण्ड (१) बमोजिमको आपूर्तिकर्ताबाट राहत सामाग्री उपलब्ध गराउने ।
३. खण्ड (२) बमोजिमका कुपन, वडा कार्यालयको लगत र सिफारिसका आधारमा नगरपालिकाले सम्बन्धित वडा कार्यालयमार्फत वा सोझै पसललाई भुक्तानी दिने ।

**७. राहतवितरणको अभिलेख र प्रतिवेदन :** (१) सम्बन्धित वडाले वितरणको अनुसूची -२ बमोजिमको राहत वितरणको विवरण नगरपालिकामा तुरुन्त पठाउनुका साथै अभिलेख आफ्नो कार्यालयमा राखी साप्ताहिक रुपमा सार्वजनिक गर्नु पर्नेछ ।

(२) नगरपालिकाले राहतको प्रतिवेदन अनुसूची ३ वमोजिमको ढाँचामा पाक्षिक रुपमा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने छ ।

(३) राहत वितरण कार्यको यस मापदण्ड बमोजिमको अनुगमन र समन्वय समितिले नियमित अनुगमन गर्नेछ ।

८. **राहत वितरण कार्यको अनुगमन र समन्वय सम्बन्धी व्यवस्था :** (१) नगरपालिका क्षेत्रमा राहत वितरण कार्यको समन्वय र अनुगमन गर्नको लागि तपशिल बमोजिमको एक समन्वय तथा अनुगमन समिति रहनेछ ।

| | |
|---|---|
| क) नगर प्रमुख | संयोजक |
| ख) उप प्रमुख | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) वातावरण तथा विपद व्यवस्थापन समितिका संयोजक | सदस्य |
| घ) कार्यक्रम व्यवस्थापक | सदस्य |
| ङ) फलेवास नगर क्षेत्रमा मान्यता प्राप्त राजनीतिक दलका दुई जना प्रतिनिधी | सदस्य |
| ङ) प्रमुख, वातावरण तथा विपद व्यवस्थापन शाखा | सदस्य-सचिव |

(२) यस समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

**९. कारवाही सम्बन्धी व्यवस्था :** (१) यस मापदण्डमा तोकिएको मापदण्ड पूरा नभएको व्यक्तिले झुट्टा विवरण गरी राहत लिनु वा दोहोरो राहत लिनु हुँदैन ।

(२) यस कार्यविधिको प्रतिकूल हुने गरी राहत वितरणको लागि सिफारिस गर्ने, प्रमाणित गर्ने र वितरण गर्ने पदाधिकारी लाई समेत प्रचलित कानुन वमोजिम कारवाही गरी त्यस्तो सिफारिस गर्ने पदाधिकारीबाट निजले सिफारिस गरेको हदसम्मको रकम सम्बन्धित स्थानीयतहले निजवाट असुल गर्नु पर्नेछ ।

**९. : बाधा अड्काउ फुकाउने :** यस कार्यविधिको पालना गर्दा कुनै बाधा अड्काउ परेमा फलेवास नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउने छ ।

अनुसुची १

(दफा ३ संग सम्बन्धित)

फलेवास नगरपालिका

**राहत लिनेको व्यक्तिगत अभिलेख**

**राहत प्राप्त गर्ने व्यक्तिको विवरण :**

१. नाम थरः २. बाबुको नामः ३. बाजेको नामः

४. परिवार सदस्य संख्याः ५. स्थायी ठेगाना : ६. हालको ठेगाना :

७. टेलिफोन वा मोबाइल नम्बर (भएमा) :

८. दैनिक ज्यालादारीमा कार्यरत स्थानः ९. गर्ने कामको विवरणः

१०. पेश गरेको कागजातको विवरण : (कम्तीमा कुनै एक कागजात संलग्न हुनुपर्ने)

क.नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी वा,

ख.गरिब घर परिबार परिचयपत्रको प्रतिलिपी वा

ग.सबारी चालक अनुमति पत्रको प्रतिलिपी वा

घ.अन्य

११. राहत लिने व्यक्तिको स्वःघोषणा :

म र मेरो परिबारका सदस्यले रोजगारी, स्वरोजगारी वा अन्य कुनै माध्यमबाट आय आर्जन गरेका छैनन् । मैले यस्तो राहत सुविधा दोहोरो लिएको छैन र लिने पनि छैन । माथि पेश गरेको विवरण ठीक साँचो हो । व्यहोरा फरक परेमा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

**निवेदक :** औठाको छाप

दस्तखत : दायाँ बायाँ

**सिफारिश गर्ने पदाधिकारी :**

**दस्तखतः**

**नामथरः**

**पदः**

**मितिः**

**प्रमाणित गर्ने पदाधिकारी :**

**दस्तखतः**

**नामथरः**

**पदः**

अनुसुची २

(दफा ७ को उपदफा १ संग सम्बन्धित)
राहत प्राप्त गर्ने व्यक्तिको अभिलेख
फलेवास नगरपालिका
वडा नं. ....... कार्यालय

| सि.नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन नं. | बाबुको नाम | बाजेको नाम | राहतको विवरण | राहत बुझिलिनेको दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**सिफारिश गर्ने पदाधिकारी :**

**दस्तखतः**

**नामथरः**

**पदः**

**फोन नं.**

**प्रमाणित गर्ने पदाधिकारी :**

**दस्तखतः**

**नामथरः**

**पदः**

**फोन नं.**

अनुसुची ३

(दफा ७ को उपदफा २ संग सम्बन्धित)

फलेवास नगरपालिका

प्रतिवेदनको ढाँचा

| सि.नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन नं. | बाबुको नाम | बाजेको नाम | राहतको विवरण | मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**प्रतिवेदन गर्नेको :**

दस्तखत :

नाम थर :

पद :

टेलिफोन :

आज्ञाले

मुक्तिराम रिजाल

प्रमुख प्रशासकीय अधिकृत